# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, नेपाल, चैत २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ३०


## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७८ सालको अध्यादेश नं. ४

### <u>विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

**<u>प्रस्तावनाः</u>** विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएको र हाल बागमती प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ को दफा १० मा संशोधनः</u>** विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा १० को,-

(१) उपदफा (१)र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) दफा ७ बमोजिम प्रदेश सरकारबाट प्रदान हुने सम्मान र पदकको लागि सम्बन्धित विषयगत मन्त्रालयले योग्य ठानेका व्यक्ति, संस्था वा निकायलाई सिफारिसको क्षेत्र र सोको आधार र कारण समेत खुलाई दफा ८ बमोजिमको समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयबाट प्राप्त सिफारिस समेतलाई मध्यनजर गरी दफा ८ बमोजिमको सिफारिस समितिले सम्मान र पदक पाउने व्यक्ति, संस्था वा निकायलाई सम्मान र पदक पाउने आधार र कारण समेत खुलाई प्रदेश

सरकार समक्ष सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा सिफारिस समितिले उपदफा (१) बमोजिम सिफारिस भई आएका व्यक्ति, संस्था वा निकायको अतिरिक्त उक्त समितिले योग्य ठहऱ्याएका अन्य व्यक्ति, संस्था वा निकायलाई निजको योगदानको कदर स्वरुप आधार र कारण खोली सिधै सिफारिस गर्न सक्नेछ ।"

(२) उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (२) र (३) बमोजिम गरेको सिफारिस अनुसार प्रदेश सरकारले दफा ११ को उपदफा (१) बमोजिम तोकेको समयावधि भन्दा कम्तीमा पन्ध्र दिन अगावै त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको घोषणा गर्नु पर्नेछ।"

३. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्ति, संस्था वा निकायलाई प्रदेश प्रमुखले प्रत्येक वर्ष प्रदेश सरकारले तोकेको कुनै सार्वजनिक समारोह, अवसर वा उत्सव पारी पदक सहित सम्मान पत्र प्रदान गर्नेछ।"

४. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेको "लागत" भन्ने शब्दहरु हटाइएको छ ।

**आज्ञाले,**

**रुद्रसिंह तामाङ**

**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७८।१२।२४



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-